# डिभिजन वन कार्यालय, पाल्पा

(प्रथम पटक प्रकाशित मिति : ०८१/०१/१०)

नारायणदेव भट्टराई
डिभिजनल वन अधिकृत

**एक पकेट क्षेत्र एक जडबुटी खेती बिस्तारमा कृषकलाई निःशुल्क बिरुवा, ढुवानी, मलखाद र रोपणमा सहुलियत निवेदन पेश गर्ने सम्बन्धि सूचना**

श्री डिभिजन वन कार्यालय, पाल्पाको आ.व. ०८०/८१ को प्रदेश सरकार तर्फ स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार विकास कार्यक्रम तर्फको स्विकृत बार्षिक कार्यक्रम अनुसार **एक पकेट क्षेत्र एक जडबुटी खेती बिस्तारमा कृषकलाई निःशुल्क बिरुवा, ढुवानी, मलखाद र रोपणमा सहुलियत कार्यक्रम** अन्तरगत निःशुल्क बिरुवा, ढुवानी, खाडल तयारी, मलखाद ब्यबस्थापन एवं बिरुवा रोपण कार्यक्रममा सहभागी हुन ईच्छुक सामुदायिक तथा कबुलियती वन उपभोक्ता समूहमा आवद्ध उपभोक्ताहरु, सहकारी एवं निजी कृषकहरुले तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही निजी जग्गामा जडिबुटी खेती बिस्तार कार्यक्रममा सहभागी हुनको लागि २०८१ बैशाख मसान्त भित्र डिभिजन वन कार्यालय, पाल्पामा आईपुग्ने गरि निवेदन सहित आवश्यक कागजातहरु पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

- निजी जग्गामा ब्यबसायिक रुपमा निजी जग्गामा जडिबुटी (तेजपात) रोपण गरी पकेट क्षेत्रको रुपमा विकास गर्न चाहने वन समूह, सहकारीमा आवद्ध उपभोक्ताहरु यस कार्यक्रममा सहभागी हुन सक्ने छन् ।
- जडिबुटी रोपण गर्ने पकेट क्षेत्रका कृषकहरुले एकजनाले कम्तिमा ५० गोटा जडिबुटीको बिरुवा रोपण गर्नुपर्नेछ ।
- एउटा पकेट क्षेत्रमा कम्तिमा २० घरधुरी भन्दा बढी कृषकहरुले ब्यबसायिक रुपमा जडिबुटी बिरुवा रोपण गर्ने भएमा मात्र अनुदान कार्यक्रममा सहभागी गराईनेछ ।
- प्राबिधिकले तोके बमोजिमको साईजको खाडल तयारी, मलखादको प्रयोग, बिरुवा ढुवानी र रोपण कार्यको लागि स्वीकृत लागत अनुमानको आधारमा बढीमा प्रति बिरुवा रु. २४/- सम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।
- निवेदन साथ जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, आ.व. ०७९/८० को मालपोत तिरेको रसिदको प्रतिलिपी सहित सम्बन्धित कृषकहरु आवद्ध भएको सामुदायिक तथा कबुलियती वन समूहको समन्वयमा वडा कार्यालयको सिफारिस सहित डिभिजन वन कार्यालय, पाल्पा वा सम्बन्धित सब डिभिजन वन कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।
- सब डिभिजन वन कार्यालयबाट कृषकहरुको एकमुष्ट विवरण तयार गरि डिभिजन वन कार्यालयमा पेश भए पश्चात अनुदान कार्यक्रमको लागि समूह एवं कृषकहरु छनौट गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- अनुदान सहयोग रकम उपलब्ध गराउँदा कार्य सम्पन्न पश्चात सम्बन्धित कृषकहरु आवद्ध भएको सामुदायिक तथा कबुलियती वन समूह एवं सहकारीको बैंकखाता मार्फत उपलब्ध गराईनेछ ।
- बिरुवा रोपण गर्दा अनिवार्य रुपमा प्राबिधिकको उपस्थितीमा गर्नुपर्नेछ । खाडलको नापसाईज पुरा नगरेमा, तोकिए बमोजिम पाकेको कम्पोष्ट मल प्रयोग नगरेमा वा प्राबिधिक रुपमा उपयुक्त हिसावले बिरुवा रोपण नगरेमा अनुदान सहयोग उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन ।
- रोपण गरिएका बिरुवाहरुमा आवश्यकता अनुसार मलजल, गोडमेल र स्याहार सम्भार गरि बिरुवा हुर्काउने प्रतिवद्धता निवेदनमा नै उल्लेख गर्नुपर्नेछ । बिरुवा संरक्षण गरि हुर्काउने सम्पूर्ण दायित्व सम्बन्धित कृषकको नै हुनेछ ।
- निवेदन एवं कागजातहरु पेश गर्नको लागि डिभिजन वन कार्यालय (तानसेन), तानसेन सब डिभिजन वन कार्यालय ( तानसेन), रिब्दीकोट सब डिभिजन वन कार्यालय (हार्थोक), रैनादेबी छहरा सब डिभिजन वन कार्यालय (बल्ढेङ्गगढी), तिनाउ सब डिभिजन वन कार्यालय (दोभान), रामपूर सब डिभिजन वन कार्यालय (रामपूर), माथागढी सब डिभिजन वन कार्यालय (झडेवा), रम्भा सब डिभिजन वन कार्यालय (ताहुँ) र निस्दी सब डिभिजन वन कार्यालय (मित्याल) पाल्पामा सम्पर्क गर्न सकिनेछ ।
- म्याद नाघी प्राप्त निवेदन उपर कारवाही हुनेछैन । प्राप्त निवेदनहरु अध्ययन गरी स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

बिस्तृत जानकारीको लागि,
डिभिजन वन कार्यालय, तानसेन, पाल्पा ०७५-५२०००२